'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ९९ | विहिवार २० मंसिर, २०८१ | 05 (Thursday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## कर्णालीमा भूकम्पले क्षतिग्रस्त संरचना बनाउन अझै पचास करोड लाग्ने

नमस्ते समचारदाता

सुर्खेत, मंसिर/१९



कर्णाली प्रदेश सरकारले गत वर्षको भूकम्पबाट क्षति भएका सामुदायिक विद्यालय र स्वास्थ्य संस्था पुनर्निर्माण गर्न थालेको बताएको छ। गत वर्षको कात्तिक १७ गते जाजरकोटको बारेकोट गाउँपालिका-रामीडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएका जाजरकोट, रुकुमपश्चिम र सल्यान जिल्लाका सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाका भवनको पुनर्निर्माणमा प्रदेश सरकारले बजेट छुट्याएर काम थालेको हो । प्रदेश सरकारको भौतिक तथा सहरी विकास मन्त्रालयले यसै आर्थिक वर्षमै सम्पन्न हुने गरी ती विद्यालय तथा स्वास्थ्य संस्थाको पुनर्निर्माण अगाडि बढाएको छ। त्यसका लागि प्रदेश सरकारले ५० करोड रुपियाँ बजेट विनियोजन गरेको छ। जसमा जाजरकोटलाई २५ करोड, रुकुमपश्चिमलाई २२ करोड र सल्यान जिल्लालाई तीन करोड रुपियाँ छुट्याइएको छ । गत असोजमा मन्त्रीपरिषद्को बैठकले भूकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य संस्थाको भवन पुनर्निर्माण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ पनि स्वीकृत गरिसकेको छ । बजेट पनि विनियोजन भएको, खर्च गर्ने कार्यविधि पनि बनेकाले अहिले पुनर्निर्माणको प्रक्रिया अघि बढेको प्रदेश सरकारको भनाइ छ । कार्यविधि कार्यान्वयन प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र मातहतका पूर्वाधार विकास कार्यालय अन्तर्गत स्थानीय तहको समन्वयमा हुने व्यवस्था अनुसार स्थानीय तहबाट सिफारिस भई आयोजना कार्यान्वयन हुने जिल्लामा रहेको आयोजना सिफारिस समितिले मन्त्रालयमा सिफारिससमेत गरिसकेको छ । जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा रहने सिफारिस समितिका सदस्यमा प्रमुख जिल्ला अधिकारी, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख, सामाजिक विकास कार्यालय प्रमुख, स्वास्थ्य एकाइ कार्यालयका प्रमुख, आवास तथा भवन शाखा प्रमुख रहेका छन् । यो समितिले पुनर्निर्माण गर्नुपर्ने विद्यालय भवन र स्वास्थ्य संस्था भवनको तथ्याङ्क मन्त्रालयमा बुझाइसकेको छ । भौतिक तथा सहरी विकास मन्त्रालयका प्रवक्ता सिनियर डिभिजनल इन्जिनियर रमेश सुवेदीले यस सम्बन्धमा मन्त्रालयले काम थालिसकेको बताए । सुवेदीका अनुसार सल्यान जिल्लाबाट स्वास्थ्य संस्था र विद्यालय गरी ४२ वटा संरचना निर्माणका लागि प्रस्ताव आएको छरु। प्राथमिकताको आधारमा सिफारिस समितिले ५ वटाको नाम छनोट गरेको छ । रुकुम जिल्लाबाट १२० वटा संस्थाको नाम प्रस्ताव गरिएमा समितिले ३३ वटालाई छनोट गरेको छ भने जाजरकोटको समितिमा पनि ४६ वटालाई प्रस्ताव गरिएकोमा समितिले ३९ वटालाई छनोट गरेर मन्त्रालयमा बुझाएको छ । मन्त्रालयका प्रवक्ता सिडिई सुवेदीले भवन अभावका कारण नियमित पठनपाठन र स्वास्थ्य सेवा प्रवाहमा बाधा सिर्जना भएको, जिल्ला विपत् व्यवस्थापन समितिले पुनर्निर्माण गर्नुपर्ने भनी पहिचान गरेको विद्यालय तथा स्वास्थ्य संस्थाको पुनर्निर्माणका लागि सम्बन्धित जिल्लाबाट छनोट भई आएका मध्ये कार्यविधिमा प्रक्रिया पुगेकालाई मात्र मन्त्रालयले छनोट गरेर पठाउने जानकारी दिए ।

*बाँकी ३ पेजमा...*

## कर्णाली नदीका कारण जोखिममा गौरवका आयोजना

नमस्ते समचारदाता

कैलाली, मंसिर/१९



कर्णाली नदीले धार परिवर्तन गरेपछि कैलाली टीकापुरको रानीजमरा कुलरिया सिँचाइ आयोजनाका नहर जोखिममा परेका छन् । बर्दिया र कैलालीको सीमानामा बग्ने कर्णाली नदीको धार कैलालीतिर बढी मोडिएपछि गौरवको आयोजना रानीजमरा कुलरिया सिँचाइको संरचना जोखिममा परेका हुन् । आयोजनाका संरचना बन्दा कर्णालीको पानी गेरुवातिर बढी जान्थ्यो । अस्थायी बाँध खनेर पानी टीकापुरतिर लगिएको थियो । अहिले पुरै कर्णालीको पानी टीकापुरतिर मोडिएपछि जोखिम बढेको आयोजनाका सिनियर डिभिजनल इन्जिनियर सूचना अधिकारी नविन पौड्यालले जानकारी दिए। उनका अनुसार कर्णालीको पश्चिमतिर झरैनाला र पूर्वतिर बर्दियाको गेरुवामा पानी बाँडिन्थ्यो । अहिले झरैतिर पानी बगेको छ। पश्चिमतिर पानी कम गएकाले सत्तीमा पाँच सय मिटर र पूर्वतिर पानी धेरै गएकाले गेरुवामा एघार सय मिटरको पुल बनेको थियो । अहिले उल्टो भएको छ । पानी पश्चिमतिर बढी गएको छ । नदीको धार मोडिनुको प्रमुख कारण स्थानीय निकायबाट नदीजन्य पदार्थको अत्याधिक दोहन हुनु रहेको छ। पूर्वीभागमा बर्दिया निकुञ्ज पर्ने भएकाले दोहन हुन पाएको छैन । आयोजनाले पश्चिम भंगालोलाई नियन्त्रण गर्नका लागि ठूल्ठूला ढुंगा, पाइलिङ तथा बोरा र तारजाली गरेको छ । आयोजनाका सूचना अधिकारी पौड्यालले पूर्वी भंगालोमा पानीको बहाब बढाउन बर्दिया राष्ट्रिय निकुञ्जले आवश्यक व्यवस्था गर्नुपर्ने बताए। आर्थिक वर्ष २०६६-६७ बाट १४ हजार ३ सय हेक्टरमा सिंचाई गर्ने गरी रानीजमरा र कुलरिया सिंचाई आयोजनाको शुरुवात भएको थियो । १२ अर्ब ३७ करोड ७५ लाखको लागतमा बनाउने भनिएको यो योजना अन्तिम चरणमा पुगेको छ। आव २०७४-७५ मा लम्की विस्तार अन्तर्गत ६ हजार हेक्टरको योजना थपिएको छ। यसको बजेट २७ अर्ब ७० करोड २४ लाख रहेको छ । दोस्रो फेजको यो योजनामा विश्व बैंकले सहयोग रहेको छ। सूचना अधिकारी पौड्यालले लम्की विस्तारमा अहिलेसम्म मूख्य नहर बनिसकेको र शाखा नहर बनाउने तयारीमा रहेको बताए। आव २०८१-८२ देखि पथरिया-कान्द्राको १८ हजार हेक्टर थप गरेर तेस्रो फेजमा आयोजनालाई अगाडि बढाइँदैछ। ५४ अर्ब ८ करोड ७२ लाखको योजना बनेको छ। विश्व बैंकले करिव २० अर्ब ऋण दिने बताइएको छ । आयोजनाबाट ४.७१ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। तीन वटा युनिटमध्ये अहिलेसम्म दुई वटा युनिटबाट ३.२ मेगावाट विद्युत उत्पादन भएको छ । समग्रमा रानी जमरा कुलरिया सिँचाइ आयोजना, टीकापुरको ७५ प्रतिशत प्रगति भएको छ । संसदको पूर्वाधार विकास समितिले हालै आयोजनाको निरीक्षण गरेर समस्या र चुनौतीलाई समाधान गर्न पहल गर्ने आश्वासन दिएको छ।

## बैजनाथमा एक हजार बढीको आँखा परीक्षण

नमस्ते समचारदाता

बाँके, मंसिर/१९




बाँकेको बैजनाथ गाँउपालिकाका विभिन्न वडाहरुमा सञ्चालन गरिएको निःशुल्क आँखा जाँच शिविरमा १ हजार २ सय९० जनाले आँखा जाँच गराएका छन् । भिजन आँखा अस्पताल नेपालगन्जको आयोजना, किभा फाउन्डेसन नेपालगन्ज र बैजनाथ गाँउपालिकाको सहकार्यमा बैजनाथ गाँउपालिका वडा नम्बर २, ३, ४, ५, ६, ७ र ८ मा सञ्चालन गरिएको शिविरमा १ हजार २ सय ९० जनाको आँखा परीक्षण गरिएको हो । कार्यक्रम संयोजक वृजेश कुमार मिश्रका अनुसार सो शिविरमा ५ सय ३६ जना पुरुष र ७ सय ५४ जना महिलाको गरेर १ हजार २ सय ९० जनाको निःशुल्क आँखा जाँच गरिएको हो । तीमध्ये २ सय ६५ जनामा मोतियाबिन्दको समस्या देखिएको जनाउँदै मिश्रले उनीहरुको पनि ५० प्रतिशत शुल्क लिएर शल्यक्रिया गर्ने व्यवस्था मिलाइने बताएका छन् । मिश्रका अनुसार मोतियाबिन्दु देखिएका २ सय ६५ जना मध्ये १ सय १५ जना पुरुष र १ सय ५० जना महिला छन् । आँखा परीक्षणको क्रममा सामान्य समस्या भएकालाई निःशुल्क औषधी उपलब्ध गराएको किभा फाउन्डेसनका अध्यक्ष संगिता पाठकले जानकारी गराइन । जटिल समस्या भएका बिरामीहरुलाई थप उपचारका लागि भिजन आँखा अस्पताल रिफर गरिएको छ । चश्मा आवश्यक पर्नेलाई सहुलियत मुल्यमा उपलब्ध गराउने र अप्रेशन गर्नुपर्ने भएमा ५० प्रतिशत सम्मको छुट उपलब्ध गराउने किभा फाउन्डेसनका उपाध्यक्ष राम मोदीले जानकारी दिए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३६६३३२ मुगु : ९८६८३७७८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सेवा कार्यालय आउँदा नि जसलिन हानथाप

लामो समय देखि नै धेरैले गरेको दबाव र प्रयास पश्चात हालै मात्र यातायात कार्यालयको सेवा विस्तार गरेर युनिट कार्यालय कोहलपुरमा स्थापना गर्ने लुम्बिनी प्रदेश सरकारले निर्णय गरेको छ। २०७२ सालको संविधानले संघिय संरचनाको व्यवस्था गरेसँगै पहिलेका क्षेत्रीय कार्यालयहरु अधिकांश वुटवल र दाङ स्थानान्तरण गरिए। साविकको भेरी अञ्चल यातायात कार्यालय नेपालगञ्जमै रह्यो। हेटौडामा यातायात कार्यालय भएका कारणले पनि लुम्बिनी प्रदेशको सदरमुकाममा स्थानान्तरण नभई नेपालगञ्जमै रह्यो। संघिय संरचना हुनुपूर्व नै कोहलपुर नगरपालिकाको हालको वडा नं २ स्थित १३ विघामा यातायात कार्यालयको ट्रायल सेन्टर थियो। यातायात कार्यालय नै निर्माण गर्ने भनी सो जग्गा उपलब्ध गराइएको थियो । तर यातायात कार्यालय खासगरी नेपालगञ्जवासीहरुकै दबाव र प्रभावमा यातायात कार्यालय कोहलपुरमा आउन सकेन। २०७४ सालको स्थानीय तहको निर्वाचन पश्चात नगर प्रमुख लुट बहादुर रावतले कार्यापालिकाको बैठकमै निर्णय गराएर यातायात कार्यालय कोहलपुरमा ल्याउन लिखित पत्राचार गर्ने यदि कार्यालय कोहलपुर नआउने हो भने ट्रायल सेन्टर सहितको जग्गा नगरपालिका मातहत ल्याउने गरी निर्णय भएको थियो । त्यति बेला यातायात कार्यालय नेपालगञ्जका कार्यालय प्रमुख नै कोहलपुर नगरपालिकामा आएर नगर प्रमुख सँग जग्गा फिर्ता नलिइदिन र केही प्रक्रिया पुऱ्याउन बाँकी रहेकोले अहिले कोहलपुरमा स्थानान्तरण गर्न अप्ठ्यारो भएको हो , प्रक्रिया पुगे पछि यातायात कार्यालय कोहलपुर मै आउने हो। त्यसैले जग्गा नगरपालिकाले लिने काम नगरिदिनु भन्ने अनुरोध समेत गरेका थिए। २०७५ साल मै नगरपालिकाले त्यस्तो निर्णय गरेको थाहा पाए पश्चात कोहलपुर नगर विकास समितिले समेत यातायात कार्यालय कोहलपुर आउने हो भने आवश्यक पर्ने भवन नगरविकास समितिले उपलब्ध गराउन सक्ने भन्ने निर्णय सहित पत्राचार गरेका थिए। त्यतिबेला देखि जो जो कोहलपुर नगरपालिकाको नेतृत्वमा पुगे। यहाँका राजनीतिक दल र संघसस्थाका नेतृत्व तहमा पुगे सबैले समय समयमा जो जो सँगै भन्नु पर्ने हो , पहल गर्नु पर्ने हो गरे। लामो समय देखिको प्रयत्नले नै हालको निर्णय भएको हो। यसमा facebook मा स्टाटस लेखेर हानथाप गर्नु आवश्यक छैन।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# समृद्धिका लागि नागरिक शिक्षा

**गोपीनाथ मैनाली**




मानिस आफैँ अजस्र सम्भावनाको पुञ्ज हो । मानव सभ्यता यहाँसम्म आइपुग्न जेजति प्रयास भयो, त्यो सबै मानव सम्भावना उपयोगको परिणाम हो । कसैले उसलाई कुनै कुरा उपहारको रूपमा दिएको छैन र दिने पनि छैन। बरु उसबाट दिइने कुरा थुप्रै छन् । त्यसैले केही भएन भनेर भौतारिनु वा तृष्णा र जिजीविषामा पिरोलिनु आवश्यक छैन। असल सोच, असल बुझाइ र असल कर्मले नै घर, परिवार, समुदाय, मुलुक र विश्व बन्ने हो। असल सामाजिक सोच संस्कारबाट सभ्यता र समृद्धिको आधार खडा हुन्छ। सकारात्मक सोच र सत्कर्मले समाज सुसंस्कृत हुन्छ । सकारात्मक मानिसहरू आफ्ना अवगुण देख्छन् तर अरूका अवगुण मात्र देख्दैनन्। क्षमा, विनय र शिष्टताले आफू सुध्रिन्छन् र अरूलाई सुध्रिन प्रोत्साहन गर्छन् । आफूलाई अब्बल देखाउने तर अरूमा कुनै गुण नै नदेख्ने स्वभाव नेपाली समाजमा देखिन थालेको छ। एकदिनको कुरा हो, एक जना शैक्षिक योग्यता राम्रै हासिल गरेका कर्मचारीले सरकारले आफ्नो क्षमता नचिनेको भन्दै योग्यताको स्वलापन गर्दै थिए। अर्का उच्चप्रशासक आफू मात्र निष्कलङ्क र स्वच्छ भनेर अरूको बद्‌ख्वाइ गर्दै थिए, मानौँ शब्दकोषमा असल शब्द अरूका लागि थिएनन् । त्यही दिन एक जना राजनीतिकर्मी कर्मचारीका कारण देश बर्बाद भएको अभिव्यक्ति दिँदै थिए तर अर्का ठुला घरानाका व्यापारी सरकारको कर्मचारीतन्त्र र राजनीतिको चरित्रको कारण देशमा लगानी वातावरण नबनेको गुनासो गर्दै थिए । मत अभिमत निर्माणका लागि निष्पक्ष विचार र समाचार सम्प्रेषण गर्ने आमसञ्चारहरूले त्यही दिन मुलुकमा बेथिति बढेको धेरै खबर छाप्न चुकेनन्। सबै खाले विकृति र बेथितिका लागि पहरेदारी गर्ने नागरिक समाज भने आफ्नै आग्रहका कारण रङ, आस्था र विचारमा विभाजित भएर आफूलाई लोकतन्त्रको सच्चापात्र भन्न हौसिएका छन् । यी केही प्रतिनिधि उदाहरण हुन्, जसले असल सामाजिक संस्कृति निर्माणमा बाधा पुऱ्याइ रहेका छन् । असल सामाजिक संस्कृति निर्माण कुनै कारखानाले वस्तु उत्पादन गरे जसरी भटाभट परिणाम दिने विषय होइन। यो मूल्य संस्कृतिको निर्माण हो, जसलाई लामो समयको प्रयासपछि मात्र पाउन सकिन्छ तर स्थापित मूल्य संस्कृतिलाई भत्काउन भने थोरै समय नै काफी छ। विगत केही वर्षदेखिको सामाजिक प्रवृत्ति विश्लेषण गर्ने हो भने हामीकहाँ केही नराम्रा संस्कृति हुर्किँदै गएका छन्, जसले असल नागरिक संस्कृति निर्माणमा बाधा पारिरहेको छ। औपचारिक कानुन र नीति संरचना नभएर होइन, त्यसलाई वरण नगरेर यसो भएको हो। जब गर्भित आसयको हाबी हुन्छ, औपचारिक कानुन र नीतिहरू निरीह बन्दछन्, बेथिति नै प्रणाली बन्छ र राज्यका संरचनाहरू झनै औपचारिक बनिदिन्छन् । जस्तो कि भ्रष्टाचार गर्न हुँदैन भन्ने राज्य इच्छा हो र यसको औपचारिक अभिव्यक्ति विभिन्न कानुन र नीतिहरूले गरेको छ। भ्रष्टाचार गर्नुहुन्न भन्ने सबैलाई थाहा छ। भ्रष्टाचारविरुद्ध लड्ने रणनीति र सुशासनका कार्ययोजना पनि छ तर सार्वजनिक शक्ति र साधन प्रयोग गर्ने पदाधिकारीहरू विषयान्तर प्रवृत्तिमा छन् । जो जसले यस्ता काम गर्छन्, आदर्शको कुरा गर्न उनीहरू नै एक कदम अघि हुन्छन् । पद जिम्मेवारी हो तर अवसर सोच्ने गरिएको छ। घरपरिवार र सामाजिक तहमा आर्थिक, सामाजिक, भावनात्मक र नैतिक बेथितिहरू विस्तार हुँदै छ। हिंसाका भावनात्मक र भौतिक अनौठा स्वरूपहरू देखिएका छन्। साथी सङ्गति तहमा गैरसाथित्वका व्यवहारहरू देखिएका छन् । एक अर्कोप्रति विश्वस्त हुने परिवेश छैन। ठगी, धोका र विश्वासघातले फराकिलो रूप धारण गर्दै छ। बाहिर नआएका र अनुभूतिजन्य थुप्रै घटना छन्, जसले परिवार र सामाजिक संरचनालाई नै विकृत बनाउँदै लगेको छ । यस्ता घटनाहरू दोहोरिइ रहेका छन् । प्रत्येक व्यक्ति प्रत्येकप्रति जवाफदेही बन्नु पर्छ भन्ने सार्वजनिक/सामाजिक जीवनको मान्यता हो। प्रत्येक प्रत्येकप्रति इमानदार बन्नु मानवीय मर्यादा हो। मानव विकास र सामाजिक सभ्यता यस्तै आदर्श मान्यताबाट निर्माण भएका हुन् । व्यवस्थित समाजमा सबै नागरिकको साझा दायित्व हुन्छ : 'आउने दिन र भोलिको पुस्ताका लागि असल प्रणाली हस्तान्तरण गरेर जाने ।' यसका लागि असल सोच, असल बुझाइ, असल कार्य र असल व्यवहार चाहिन्छ। यस प्रकारको सामाजिक संस्कृति विकास गर्न कानुन, नीति, सङ्गठन जस्ता संरचनागत पक्ष मात्र सफल देखिँदैनन्, व्यवहार र सोको लागि नैतिक अभिमुखीकरण आवश्यक देखिएको छ। नागरिक शिक्षा त्यसो गर्ने अन्तिम सशक्त बाटो हो । किनकि नीतिनियम र मान्यताहरू सफल नभएपछि सामाजिक अभिमुखीकरण बिना असल काम हुन सक्तैन, नागरिक शिक्षाले नागरिक जीवनका लागि चाहिने शिक्षा, सिप र स्वभाव सिकाउँछ । मानिस जटिल प्राणी हो । मनोविज्ञानले उसलाई तत्काल सुख, समृद्धि, शक्ति र सानसौकाततर्फ घचेटिरहेको हुवन्छ । यो घचेटाइनै अपराधको स्रोत पनि हो। उसको सचेत मनले सत्कर्म गर्न निर्दिष्ट गरे पनि सँधै सचेत मन उसभित्र शक्तिशाली हुँदैन र गर्भित तहमा रहेको 'प्लेजर इनर्सिया' को जित हुन्छ। अवसर पाउने बित्तिकै व्यक्तिको यो प्रवृत्ति देखिन्छ । अपराध, दुस्कर्म, खराब आचरण यही 'प्लेजर इनर्सिया' का परिणाम हुन् । नागरिक शिक्षाले व्यक्तिलाई तत्काल सुख, आनन्द, आवेश, अपराधको प्रवृत्तिबाट अलग्याउने आन्तरिक सामर्थ्य र स्वभाव दिन्छ । त्यसैले औपचारिक कानुन र नीति निरीह भएको समाजमा नागरिक शिक्षा असल सामाजिक व्यवहारका लागि ज्ञान, सिप र स्वभाव दिई असल सामाजिक संस्कृति संस्थागत गर्ने एक मात्र उपाय हो। मुलुकमा असल थिति बसाउन राजनीतिले नेतृत्व दिने गर्छ । राजनीति भनेको असल समाज निर्माणका लागि अहोरात्र सामाजिक परिचालन गर्ने काम हो, राजनीतिले गर्ने प्रतिस्पर्धा यसैका लागि हो । असल राजनीतिक संस्कृति नभएमा उसले गरेको कामहरू औपचारिक हुन्छन्। यस अवस्थामा लोकतन्त्र वास्तविक रूपमा जनजीवनसम्म पुग्न सक्तैन । असल राजनीतिक संस्कृतिले राजनीतिलाई स्वस्थ प्रतिस्पर्धा, अन्तरपार्टी पारस्परिक सम्बन्ध स्थापना, संयमता, लोकतान्त्रिक व्यवहार, मूल्य र विचारप्रति आस्था, जनताप्रति निष्ठा राख्न सिकाउँछ । असल राजनीतिक संस्कृतिको लहरे असर समाजका अन्य क्षेत्रमा पर्छ । भनी रहन पराेइन, राजनीतिले अपेक्षित नीति नेतृत्व दिन सकेन। राजनीतिक कार्यकर्ताहरू अरूको मात्र गल्ती देख्छन् र दुर्वाच्यको फोहोरा वर्षाउँछन् । एक नेताले वाणीबाट अर्कोलाई हिंसा गरिरहेको हुन्छ । सर्वाधिक जीवन यातनागृहमा बिताएका नेल्सन मण्डेला भन्ने गर्थे, सबै मानिसमा सुभावना हुन्छन्, उसले गलत गर्दैमा कटु प्रतिक्रिया दिनु पर्दैन, उसमा चेतना आउने बित्तिकै ऊ घाम जत्तिकै उज्यालो हुन्छ। अधिकांश समय यातना गृह र निर्वासिन बिताएका बिपी कोइरालाले भन्थे, अरूलाई दुर्वाच्य प्रयोग गर्दा उसमा क्रोध बढ्न गइ झनै द्वन्द्वको वातावरण बन्छ। महात्मा गान्धीको संयम, शील र विनयको जति पारख गरे पनि पुग्दैन। इतिहासले उनीहरूलाई राजनैतिक आइकन बनाएको छ। तर चेतना, दर्शन र नीति संरचनाको अकल्पनीय विस्तार भइसक्दा पनि मण्डेला, बिपी र गान्धीको आदर्श अन्यत्र त के उनीहरूकै मुलुकमा राजनीतिक मानक बनेन। राजनीतिले नीति, संस्कार र समृद्धिको नेतृत्व दिन सकेन। शक्ति र अधिकार जिम्मेवारी नभई सीमित स्वार्थमा केन्द्रित हुँदै गयो । समृद्धिको सपना धकेलिँदै गएको नेपालमा विकासका लागि राजनीति -विकासमा राजनीति होइन) संस्कार बसेको देख्ने नेपालीको साझा चाहना हो। राजनीतिले असल समाज निर्माणका लागि विवेक र कठोरपूर्ण कदम चाल्न सक्नु पर्छ । किनकी राजनीति अवसर होइन, जिम्मेवारी हो । नैतिक नेतृत्वले मात्र त्यसो गर्न सक्छ। पथभ्रान्त राजनीतिलाई ठिक ठाउन नागरिक शिक्षाले नरम रणनीतिको काम गर्छ । सार्वजनिक जिम्मेवारी बहन गर्नेहरू 'सार्वजनिक' हुनु पर्छ । सोच सार्वजनिक, स्वार्थ सार्वजनिक र व्यवहार पनि सार्वजनिक हुनु पर्छ। यी आग्रह पूरा गर्न नीति, नियम, सङ्गठन, कार्यजिम्मेवारी जस्ता संरचनागत पक्ष मात्र पर्याप्त छैनन् । यसका लागि सकारात्मक सोच वा 'गर्न सकिन्छ र गर्नु पर्छ' भावना प्रत्येकको मनबाट उमारिकन उसको व्यहार क्रियाशील हुँदैन । समाजको पुनर्निर्माणका लागि अहिले चाहिएको सबैभन्दा ठुलो कुरा भनेको सकारात्मक सोच हो । गर्न सकिन्छ, यसरी सकिन्छ, नसकी हुँदैन र गर्नैं पर्छ भन्ने अन्तरभावना र सामर्थ्यको ऊर्जा नै सकारात्मकता हो । सकारात्मक भावना विकासका लागि नागरिक शिक्षा अत्यन्तै आवश्यक छ।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा

# पूर्वराजा ज्ञानेन्द्र एक महिना सम्म नेपालगञ्जमा बस्ने

▪ नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/१९



पूर्वराजा ज्ञानेन्द्र शाह आफ्ना परिवारका सदस्य सहित केही दिनदेखि नेपालगञ्जमा र हनुभएको छ बस्दै आएका छन् । सोमबार राति नेपालगञ्ज पुगेका पूर्व राजा ज्ञानेन्द्र सहित पूर्व राजपरिवारका सदस्यहरु करिब एक महिनासम्म नेपालगञ्ज रहने कार्यक्रम रहेको राप्रपा नेपालका सह-समहामन्त्री ऋषिराज देवकोटाले जानकारी दिएका छन् । पूर्वराजा ज्ञानेन्द्र शाह, पत्नि कोमल शाह, छोरी प्रेरणा शाह र भतिजी सिताष्मा शाह, भाई स्व. धिरेन्द्र शाहकी छोरीसहित पश्चिम नेपालको भ्रमणका लागि नेपालगञ्ज आएका हुन । नेपालगञ्जमा मुकाम बनाएर करिब एक महिना पूर्वराजा शाहले धार्मिक भ्रमण गर्ने अवसर जुराएका छन् । मङ्सिर २५ गते बर्दिया जाने कार्यक्रम रहेको छ । यसैगरी नेपालगञ्जमा पनि बागेश्वरी मन्दिरको दर्शन तथा अन्य धार्मिकस्थल जाने कार्यक्रम रहेको राप्रपा नेपालका सह-समहामन्त्री देवकोटाले जानकारी दिए । देवकोटाले भने, 'यो भ्रमण राजपरिवारको नितान्त धार्मिक, पारिवारिक र व्यक्तिगत भ्रमण हो, यसबिचमा केही धार्मिक यात्रा र सामान्य भेटघाटका कार्यक्रम मात्र हुनेछन् । होटल सोल्टीमा पूर्वराजाले समर्थकहरुसँग भेटघाट गरिरहेका छन् ।

# दुध फालेर किसानको विरोध

▪ नमस्ते समचारदाता
दाङ, मंसिर/१९



दाङमा किसानले उत्पादन गरेको दुधले बजार नपाएपछि फाल्न बाध्य भएका छन् । शान्तिनगर गाउँपालिका-२ बाघमारेस्थित दीप कृषि सहकारी संस्थामा भण्डारण गरिएको भैँसीको दुध बिक्री नभएपछि फाल्न बाध्य भएका हुन् । दुग्ध विकास संस्थानले दुध खरिद गरिदिने भनी सहमति भएसँगै सहकारीले दुध खरिद गरेर सङ्कलन गर्ने गरेको भए पनि पछिल्लो समय समयमा दुध नलग्ने गर्दा किसानले यसरी दुध फाल्न बाध्य भएको दीप कृषि सहकारी संस्थाका अध्यक्ष नेवबहादुर रोकाले बताउनुभएको छ। विगत दुई वर्षदेखि दुध नियमित रूपमा लग्दै आए पनि पछिल्लो समय नियमित रूपमा नहुँदा किसान समस्यामा परेको भन्दै सहकारी संस्थाका अध्यक्ष रोकाले भन्नुभयो, 'हामीले उत्पादन गरेको दुध दुई वर्षदेखि संस्थानले लग्दै आएको थियो तर पछिल्लो समय नियमित आउने गरेको छैन । १५ दिनमा एकपटक आउँदा व्यावसायिक भैँसीपालनमा लागेका किसान समस्यामा पर्नुभएको छ ।' अध्यक्ष रोकाका अनुसार दैनिक तीन सय लिटर भन्दा बढी दुध उत्पादन हुने गरेको छ । वडा नं. २ मा एक सयभन्दा बढी किसानले दुध उत्पादन गरेर सहकारीलाई उपलब्ध गराउँदै आएका छन् । त्यो दुध दुग्ध विकास संस्थालाई बेच्ने र त्यहाँबाट आएको पैसा सहकारीले किसानलाई दिने गरेको थियो । तर पछिल्लो समय सम्पर्कमा पनि नआउने र बाँकी रहेका पैसा पनि नदिएपछि किसानले बाध्य भएर उत्पादन भएको दुध फालेर विरोध जनाएको किसान नरबहादुर खत्रीले बताउनुभयो । "दुःख गरेर उत्पादन गरेको दुध फाल्न मन थिएन'', किसान खत्रीले भन्नुभयो,"बिक्रीका लागि सहकारीलाई दिएको दुध दुग्ध विकास संस्थानले नलगिदिएपछि बाध्य भएर फालेका हौँ ।" सहकारी संस्थाबाट किसानले करिब २० लाख रुपियाँ दुधको लिन बाँकी रहेको सहकारी संस्थाका अध्यक्ष रोकाले बताउनुभएको छ।

# सुदूरपश्चिममा १३ जना उम्मेदवारको जमानत जफत

▪ नमस्ते समचारदाता
कैलाली, मंसिर/१९




सुदूरपश्चिममा उपनिर्वाचनका १३ जना उम्मेदवारको जमानत जफत भएको छ। पाँच स्थानमा भएको उपनिर्वाचनमा २६ जना उम्मेदवार रहनुभएको थियो । निर्वाचन कार्यालय सुदूरपश्चिमका अनुसार नेकपा (माओवादी केन्द्र)ले चार स्थानमा उम्मेदवार दिएकोमा तीन जनाको जमानत जफत भएको छ। यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दुई स्थानमा उम्मेदवार उठाएकोमा दुबै उम्मेदवारले जमानत जोगाउन नसकेको बताइएको छ। डोटीको पूर्वीचौकी गाउँपालिका-६ मा अध्यक्षको उम्मेदवार बन्नुभएको रास्वपाका जानकी कुमारी खड्का कुँवरले ३१ मत मात्रै प्राप्त गर्नुभयो । पूर्वीचौकी गाउँपालिका-६ मा माओवादी केन्द्रका देवीलाल थापाले २६ मत प्राप्त गर्नुभएको थियो भने उहाँले पनि जमानत बचाउन सक्नुभएन। बझाङको सुर्मा गाउँपालिका-४ मा नेकपा माओवादी केन्द्रका उम्मेदवार पुष्करबहादुर बोहराको जमानत जफत भएको छ । बोहराले १७ मत मात्रै ल्याउनु भएको थियो । दार्चुलाको दुहुँ गाउँपालिका-५ मा स्वतन्त्र उम्मेदवार लालबहादुर कुँवरको २५ मत मात्रै प्राप्त गर्नु भयो । सबैभन्दा बढी कञ्चनपुरको भीमदत्त नगरपालिका-६ मा नौ जना उम्मेदवारको जमानत जफत भएको छ । नेकपा (एकीकृत समाजवादी)का जितेन्द्रबहादुर चन्द, रास्वपाका रामदत्त भट्ट, स्वतन्त्र थानेश्वर लेखक, नागरिक उन्मुक्ति पार्टीका हरिश डगौरा, माओवादी केन्द्रका नानाराम कोली, स्वतन्त्र युवराज चन्द, राप्रपा नेपालका दिलबहादुर धामी, नेमकिपाका दलबहादुर बोहरा र जनमत पार्टीका यादवबहादुर चन्दले जमानत जोगाउन सक्नुभएन । जमानत फिर्ता पाउन सदर मतको १० प्रतिशत मत कटाउनु पर्ने प्रवधान रहेको छ ।

## कर्णालीमा...


प्रस्तावित आयोजनाको लागत अनुमान विद्यालयको हकमा अधिकतम ७५ लाख र स्वास्थ्य संस्थाको हकमा ५० लाख रुपियाँ बराबरको बनाउनुपर्ने छ। आयोजना छनोट गर्दा चालु आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिनेलाई मात्र छनोट गर्नुपर्ने र संशोधन गर्न नपाइने कार्यविधिमा व्यवस्था गरिएको छ। जुन आयोजनाका लागि बजेट छुट्याइएको हो, त्योभन्दा बढी रकम खर्च गर्न नपाइने पनि कार्यविधिमा उल्लेख गरिएको छ । मन्त्रालयले छनोट गरिसकेपछि सम्बन्धित पूर्वाधार कार्यालयले ठेक्का प्रक्रियामा लैजाने छ। प्रदेशको भौतिक मन्त्रालय, समिति, सम्बन्धित स्थानीय तह, सम्बन्धित विद्यालय व्यवस्थापन समिति र कार्यालयले अनुगमन गर्ने कार्यविधिमा उल्लेख गरिएको छ । आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि विद्यालयको भवन सम्बन्धित स्थानीय तहको रोहबरमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई र स्वास्थ्य संस्थाको भवन सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिने छ । प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका अनुसार भूकम्पका कारण जाजरकोटमा ६ वटा पूर्ण र १२ वटा आंशिक गरी १८ वटा, रुकुमपश्चिममा २ वटा पूर्ण र २२ आंशिक गरी २४ वटा र सल्यानमा ३ वटा पूर्ण क्षतिसहित कुल ४५ वटा स्वास्थ्य संस्थामा क्षति पुगेको छ भने सामाजिक विकास मन्त्रालयका अनुसार जाजरकोटमा १४३ र रुकुमपश्चिममा ४० वटा विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्।

# गोदाम आगलागीमा तीन घाइते, ८० लाखको क्षति

▪ नमस्ते समचारदाता
कैलाली, मंसिर/१८



कैलालीमा कपडा गोदाममा आगलागी हुँदा तीन जना घाइते भएका छन् भने ८० लाख रुपियाँ बराबरको क्षति भएको छ। बर्दगोरिया गाउँपालिका-२ स्थित द्वारिकाप्रसाद धमलाको चारतले पक्की घरको बिच तलामा रहेको कपडा गोदाममा आगलागी भएको हो । मङ्गलबार राति भएको आगलागीबाट ८० लाख रुपियाँ बराबरको नोक्सान भएको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । घरमा आगलागी भएपछि निस्सारिएर घरधनी ८२ वर्षीय मुक्तिप्रसाद धमला अचेत हुनुभएको छ। बौनिया स्थित खापर पोलिक्लिनिकमा उहाँको उपचार भइरहेको छ । यसैगरी, आगो निभाउने क्रममा स्थानीय ३९ वर्षीय टेकराज जोशी र प्रहरी जवान टङ्कध्वज मगर घाइते भएको जनाइएको छ । घाइते जोशी र मगरको बौनियास्थित बर्दगोरिया अस्पतालमा उपचार भइरहेको छ । दमकलको सहयोगमा प्रहरी र स्थानीयले मिलेर आगो नियन्त्रणमा लिएका थिए । आगलागी घटनाको सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ।



# बाँसका सामग्री बिक्रीबाट जीवन गुजारा

■ नमस्ते समचारदाता

दाङ, मंसिर/१९



बबई गाउँपालिका-७ मलई गाउँ निवासी ४६ वर्षीय वीरबहादुर परियार र ४५ वर्षीया श्रीमती सावित्री परियार बाँसको सामग्री बिक्रीबाट घरको दैनिकी चलाउँदै आएका छन् । घरमा छिटुवा, डोको, भकारी लगायतका सामग्री उत्पादन गर्दै घरपरिवारको खर्च जुटाउने काम हुँदै आएको बताइएको छ। वीरबहादुरले सानै उमेरमा बुवाबाट छिटुवा, डोको, भकारी, डालो लगायतका बाँसबाट बन्ने सामग्री बनाउन सिकेको बताउँछन् । १२-१३ वर्षको उमेरदेखि बुवासँग बाँसका सामग्री बनाउनेदेखि बिक्रीका लागि दाङका बस्तीहरूमा पुग्ने गरेका बीरबहादुर बुवाको मृत्युपछि सामान आफै बनाउनबक्री देखि बिक्री समेत आफैले गर्दै आएका छन् । श्रीमानले गर्ने बाँसका सामग्री बनाउने काममा श्रीमती सावित्रीले पनि साथ दिदै आएकी छन् । घरमा कृषि व्यवसाय गर्ने जग्गा जमिन नभएपछि श्रीमानश्रीमती नै बाँसका सामग्री बुनेर परिवारको जीवन निर्वाह गर्दै आएको बीरबहादुर बताउछन् । घरपरिवारको खर्च जुटाउने देखि पेट पाल्नका लागि बुबाबाजेले गर्दै आएको बाँसका सामग्री बनाउने काम रोजेको भन्दै बीरबहादुरले भने, 'जग्गा जमिन नभएकाले परिवार पाल्नका लागि अर्को विकल्प थिएन। त्यही भएर बुबाबाजे गर्दै आएको कामलाई आम्दानीको श्रोत बनाउने काम गर्दै आएको छु ।' बाँसका सामग्री बिक्रीका लागि बबई, दंगीशरण र शान्तिनगर गाउँपालिकासँगै तुलसीपुरमा रहेको बजारसम्म आउने गरेको बीर बहादुर बताउँछन् । उनले सामग्री बनाउनका लागि आफ्नै घरमा भएका बाँससँगै अन्यसँग किनेर बनाउने गरेको बताए । श्रीमान श्रीमातीले नै बाँसका छिटुवा, पेरुङ्गो, डोको, भकारी लगायतका सामग्री बनाउने काम गर्दै आएका दम्पतीले महिनामा २०-२५ हजार कमाउने गरेको बताए । यसरी निर्माण गरिएका छिटुवा,डोको, पेरुङ्गो, भकारी लगायतका सामग्रीहरु साइज अनुसार दुई सय देखि दुई हजार रुपियाँ सम्ममा बिक्री गर्ने गरेको बीर बहादुरले बताए । बाँसबाट निर्माण गरिएका सामग्री बिक्री गरेर परिवारको जीविका चलाउँदै आएका बीरबहादुरले पहिलेको तुलनामा पछिल्लो समय बाँसका सामग्रीको व्यापार घटेको बताए। उनी भन्छन्, 'पहिले-पहिले गाउँघर देखि सहरमा बाँसका सामग्री धेरै नै बिक्री हुन्थे । बिक्रीमा कुनै समस्या थिएन। तर पछिल्लो समय प्लाष्टिक लगायतका विभिन्न सामग्री आउँदा बिक्रीमा कमी भएको छ।' बीर बहादुरका तीन सन्तानमध्ये दुई छोराछोरीले १२ कक्षासम्म पढाइ पूरा गरेका छन् भने जेठो छोरा वन रक्षकको रूपमा कार्यरत छन् । आफूले दुःख गरेर भएपनि छोराछोरीलाई उच्च शिक्षा अध्ययन गराएर सरकारी जागिर खुवाउने लक्ष्य राखेकी बीर बहादुरकी श्रीमती सावित्री भन्छीन, 'जग्गा जमिन नहुँदा आफुले पाएको दुःख छोराछोरीले नपाउन । राम्रोसँग पढेर जागिर खाउन भै लाग्छ।' दाङको विकट बस्तीका रुपमा रहेको मलईमा सञ्चार,खानेपानी, शिक्षा, विद्युतलगायत समस्या हुँदा हापुरेमा छोराछोरीलाई कोठा लिएर बसालेर पढाउने गरेको बताउछन् । चुनौतीका बीचमा पनि वीरबहादुर र सावित्रीले आफ्नो सीप र लगनशीलताका कारण परिवारलाई अघि बढाउन सफल भएको बताए।

# विपन्न विद्यार्थीलाई सहयोग, उपभोक्तालाई सचेतना



■ नमस्ते समचारदाता

रुकुमपश्चिम, मंसिर/१९

रुकुमपशिचमको चौरजहारी नगरपालिकामा रहेको एक सामुदायिक वन उपभोक्ता समुहले समुहका दुई उपभोक्तालाई आर्थिक सहयोग गरेको छ भने ४० विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराएको छ । वडा नम्वर ५ मा रहेको आरुखोला सामुदायिक वन उपभोक्ता समुहले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत उक्त सहयोग प्रदान गरेको हो । समुहका अध्यक्ष लोकेन्द्र परियारका अनुसार वन समुहका उपभोक्ता पार्वती विकलाई ५ हजार रुपियाँ र पार्वती जैसीलाई २ हजार ५ सय रुपियाँ हस्तान्तरण गरिएको हो । विक मृगौला रोगबाट पीडित हुन भने जैसी गरिब तथा विपन्न अवस्थाको भएका हुन । समुहका उपभोक्ताहरुलाई अप्ठ्यारो परेको अवस्थामा सहयोग गरेको अध्यक्ष परियारले जानकारी दिए । त्यसैगरी समुहले सोहि वडामा रहेको आधारभूत विद्यालय लहरेसिमलका विद्यार्थीहरुलाई शैक्षिक सामाग्री उपलब्ध गराएको छ । विद्यालयमा अध्ययनरत ४० जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई विद्यालय झोला सहयोग गरिएको समुहले जनाएको छ । वन उपभोक्ता समुहले आयोजना गरेको सामुदायिक वन सम्बन्धि सचेतना कार्यक्रमको उद्धाटनको समारोहमा उक्त सहयोग उपलब्ध गराईएको हो । वन समुहको आयोजनामा उपभोक्ताहरुलाई सामुदायिक वन व्यवस्थापन सम्बन्धी बृहत सचेतना कार्यक्रम समेत सम्पन्न गरिएको छ । समुह अन्तर्गत रहेका ३ वटा टोलका ८५ जना उपभोक्ताहरुलाई छुट्टाछुट्टै कार्यक्रम राखेर उक्त कार्यक्रम सम्पन्न गरिएको हो । यी कार्यक्रमहरुमा चौरजहारी नगरपालिका प्रमुख पुष्प वादीको प्रमुख आतिथ्यता र डिभिजन वन कार्यालयका प्रमुख शेर बहादुर परियारको बिशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा डिभिजन वन कार्यालय, चौफा सब डिभिजन कार्यालयका कर्मचारीहरु, विद्यालयका शिक्षक, स्थानीय अगुवाहरु लगायतको उपस्थिति रहेको थियो ।

# जनप्रतिनिधिको तलब सुविधामा पनि पुनर्विचार आवश्यक

■ नमस्ते समचारदाता

दाङ, मंसिर/१९



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षमा चालु खर्च कटौती गर्नेगरी योजना बनाउने बताएका छन् । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले लुम्बिनी प्रदेशमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले चालु खर्च कटौती गर्ने गरी दीर्घकालीन योजना अघि सार्नुपर्ने सुझाव दिएका हुन । आयोजनाको नाममा खोलिने छुट्टै कार्यालयले चालु खर्च बढाएको, वर्गीयरुपमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न, राजनीतिकरुपमा निर्वाचित जनप्रतिनिधिहरुले पाउँदै आएको तलवी सेवा सुविधामा समेत पुनरावलोकन गर्न उनले सुझाव दिएका छन् । 'चालु खर्च घटाउन निर्मम बन्नुपर्ने बेला आएको छ । आयोजना सञ्चालन गर्ने नाममा छुट्टै कार्यालय सञ्चालन गरेर चालु खर्च बढ्छ। जुन कार्यालयबाट काम अघि बढ्छ, त्यहींबाट कार्यसम्पादन हुनुपर्छ'-मुख्यमन्त्री आचार्यले भने । प्रशासनिक खर्च घटाउन जरुरी छ । सेवा प्रवाहलाई डिजिटल प्रविधिसँग जोडिदा प्रशासनिक क्षेत्रमा हुने खर्च कटौती हुन्छ । अब जनशक्तिमा पनि पुनरावलोकन हुनुपर्छ भन्ने लाग्छ।' मुख्यमन्त्री आचार्यले जनप्रतिनिधिको तलब सेवा सुविधामा पनि पुनरावलोकन गर्नुपर्ने तर्क राखे । आचार्यले भने, 'जनप्रतिनिधिले तलव पाउने सिस्टम आफैमा ठीक हो होइन ? पुनरावलोकन गर्नुपर्छ कि ?' उनले भने, 'तलवी सिस्टमले धेरै विकृति, विसंगति भित्र्याएको छ ।' मुख्यमन्त्री आचार्यले अन्तर मन्त्रालय समन्वय, लगानीमैत्री कानुन निर्माण गर्न जरुरी रहेको राय व्यक्त गरे । कार्यक्रममा लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालयका मन्त्री, सचिव, प्रदेश योजना आयोगका पदाधिकारी तथा स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागिता थियो । कार्यक्रम उच्चस्तरीय सुझाव आयोगका सदस्य डा. विश्वास गौचनको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा भएको थियो ।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके